# नेपाल विद्युत प्राधिकरण

## प्रधान कार्यालय

### समकक्षता सम्बन्धमा

मितिः २०८३/०३/२३

नेपाल विद्युत प्राधिकरण, कर्मचारी सेवा, शर्त विनियमावली, २०७५ (सं.स.) बमोजिम खुला प्रतियोगिता तथा बढुवाद्वारा स्थायी पदपूर्ति हुने पदहरुमा आवेदन गर्दा विदेशी विश्वविद्यालयबाट अध्ययन पूरा गरेका आवेदकहरुले समकक्षताको लागि त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित Directory of Recognition and Equivalence of Educational Qualifications को प्रतिलिपि पेश गरेको सन्दर्भमा त्रि.वि.वि. पाठ्यक्रम विकास केन्द्रबाट Directory of Recognition and Equivalence of Educational Qualifications Volume I, II, III खारेज गरी सम्बन्धित व्यक्तिको नाममा समकक्षता दिने व्यवस्था गरेको हुँदा विदेशबाट शैक्षिक उपाधि प्राप्त गरेका व्यक्तिले आफ्नै नाममा व्यक्तिगत समकक्षता प्राप्त गरी सुरक्षित राख्नु हुन र त्यस्तो समकक्षताको प्रमाणपत्रको प्रतिलिपि प्राधिकरणको स्थायी कर्मचारीको हकमा HRIS मा रहेको व्यक्तिगत विवरणमा समावेश गरीदिन निवेदन दिनुहुन र अन्य व्यक्तिले प्राधिकरणको खुला प्रतियोगितामा दरखास्त दिंदा सो समेत संलग्न गर्नुहुन अग्रिम सूचित गरिएको छ । माथि उल्लेख भए बमोजिमको समकक्षता प्रमाणपत्र संलग्न नगर्ने/नगराउने कर्मचारी/व्यक्तिको बढुवा तथा खुलाको दरखास्त आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

पदपूर्ति विभाग

नेपाल विद्युत प्राधिकरण